# ऋग्वेदमा नारीको दैवीभूमिका

**यशोदा पाण्डेय**
राप्ती बबई क्याम्पस तुलसीपुर, दाङ
इमेलः pandey.yashoda2071@gmail.com

**Received Date**: Dec 21, 2024 **Reviewed Date**: Jan 2, 2025 **Accepted Date**: Feb 2, 2025

***सार संक्षेप***

*ऋग्वेद संस्कृत वाङ्मयको सर्वप्राचीन ग्रन्थ हो । यसमा विभिन्न देवतथा देवीहरूको विषयमा केन्द्रित भएका सूक्तहरू छन् । यसमा नारीलाईदैवी अर्थात् (ईश्वरीय) भूमिकामा प्रस्तुत गरी नारीलाई विशिष्ट स्थान दिएको पाइन्छ । विशेष गरी ऋग्वेदमा नारीहरूको ईश्वरीय स्वरूप र प्रकृतिको मानकीकृत नारी स्वरूपको वन्दना र स्तुति गरिएको छ । ऋग्वेदका विभिन्न मण्डलका त्रिचालिस वटा सूक्तमा नारीको दैवी स्वरूप प्रस्तुत गरिएको छ । ती सूक्तहरूमा नारीमा ईश्वरीय, प्रकृतिकोमानकीकृत स्वरूप र मानवीय स्वरूप प्रस्तुत गरिएको छ । यहाँ नारीलाई उज्यालो, मानवको रक्षक, आत्मनिर्णयी, मन्त्रद्रष्टा, योद्धा, माता, श्रद्धा, देवपत्नीका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनमा ऋग्वेदमा नारीका दैवी भूमिकाको अध्ययन गरिएको छ । यसका लागि मानवशास्त्री मोर्गन र जी एम घुर्मेका मान्यतालाई मुख्य आधार मानिएको छ । यस मान्यताका अनुसार समाज विकासको चरणमा मानवले दैवी शक्तिको परिकल्पना गऱ्यो । त्यसबेला उसले दिव्य शक्तिको परिकल्पना गऱ्यो र नारीका विभिन्न भूमिकाहरू निर्धारण गऱ्यो भन्ने नारीको दैवी भूमिकासम्बन्धी मान्यतालाई सैद्धान्तिकमान्यताका रूपमा व्याख्या गरिएको छ । यसबाट ऋग्वेदमा उषा, द्यावा, सरस्वती, अरण्यानी र पृथ्वी सूक्तमा नारीको दैवी भूमिका देखाइएको छ । यसले संसारको प्राचीनतम ग्रन्थ ऋग्वेदमा पुरुष समान नारीलाई पनि पूर्ण भूमिका दिएको छ । तर त्यस पछिको समयमा भने नारीको दैवीभूमिका खुम्चिँदै गएको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**: ऋग्वेद, उषा, गाथिन, दैवीभूमिका, द्यावापृथ्वी ।

## विषय परिचय

ऋग्वेद संस्कृत वाङ्मयको सर्वप्राचीन ग्रन्थ हो । यस चार वेद मध्ये प्राचीन मानिएको यस ग्रन्थमा मानवका दैवी, मानवी, सामाजिक, वैचारिक चिन्तन र विचारहरू समावेश भएका छन् । यसमा १०२८ सूक्त छन्, जसमा देवताहरूको स्तुति गरिएको छ । यसमा देवताहरूको यज्ञमा आह्वान गर्ने मन्त्रहरु समावेश छन् । ऋग्वेदलाई संसारको सबैभन्दा पहिलो रचना मानिएको । ऋक् संहितामा १० मण्डल, बालखिल्य सहित १०२८ सूक्त छन् । वेद मन्त्रहरूका समूहलाई सूक्त भनिन्छ, जसमा एकदैवत्व तथा एकार्थको नै प्रतिपादन रहन्छ । कात्यायन प्रभृति ऋषिहरूको अनुक्रमणीका अनुसार ऋचाहरूको संख्या १०,५८०, शब्दहरूको संख्या १५३५२६ तथा शौनक कृत अनुक्रमणीका अनुसार ४,३२,००० अक्षर छन् । ऋग्वेदको जिन २१ शाखाहरूको वर्णन मिल्दछ, उनमादेखि चरणव्यूह ग्रन्थका अनुसार पाँच नै प्रमुख छन् । ती शाकल, वाष्कल, आश्वलायन, शांखायन र माण्डूकायन हुन् । यस ग्रन्थमा रहेका एक हजार पाँच सय असीसूक्तका द्रष्टाहरू पुरुष र महिला ऋषिहरू हुन् । यस ग्रन्थका केही ऋचाहरूले समाज विकासको सुरुवातीअवस्थामा नारीको सामाजिक स्थान, तिनीहरूको भूमिका, महत्त्व र आवश्यकतालाई चित्रित गरेका छन् भनेकेही ऋचाहरूमा नारीका ईश्वरीय भूमिकाको वर्णन

गरिएको छ। यसबाट ऋग्वैदिक युगमा नारीको स्थान सर्वोच्च रहेको र विभिन्न ऋषिहरूले देवतालाई जुहार गरेजस्तै देवीहरूको पनि जुहार गरेको देखिन्छ। ऋग्वेदका ऋचाहरूमार्फत प्रस्तुत भएको नारीको सामाजिक अवस्था, स्थिति रभूमिकाको अध्ययनबाट नारीको दैविक भूमिकाको अध्ययन गर्न सकिन्छ। त्यसैले ऋग्वेदमा नारीको भूमिका कस्तो रहेको थियो भन्ने मूल जिज्ञासाको समाधान खोज्ने कार्य यस लेखमा गरिएको छ। यस अध्ययनमा उपर्युक्त जिज्ञासालाई समाधानगर्ने उद्देश्य प्राप्तिका निम्ति प्रस्तुत ग्रन्थमा अभिव्यक्त नारीको दैविक भूमिकाको विश्लेषण रमूल्याङ्कन गरिएको छ।

**अध्ययन विधि**

प्रस्तुत अनुसन्धानका लागि निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालयीय कार्यबाट ऋग्वेदमा रहेका नारी विषयमाआधारित विभिन्न ऋचाहरूलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ। यी सङ्कलित तथ्यकोविश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति समाज विकासका सम्बन्धमा मानवशास्त्री मानवशास्त्री मोर्गन र जी एम घुर्येका मान्यतालाई सैद्धान्तिक र प्रायोगिक कृतिलाईद्वितीयक सामग्रीका रूपमा सङ्कलन गरिएको छ। उपर्युक्त सामग्रीहरूको प्रयोग गरी ऋग्वेदमा चित्रितभएको सामाजिक व्यवस्थाको विश्लेषणका साथै त्यस समाजमा नारीका दैविक भूमिकाको अन्वेषण गरिएकोछ यसका लागि पाठ विश्लेषण विधिबाट अर्थापनमा पुगिएको छ।

**सैद्धान्तिक पर्याधार**

वेदहरूमा सर्वप्रथम ऋग्वेदको निर्माण भयो। यो पद्यात्मक छ। यजुर्वेद गद्यात्मक छ भने सामवेद गीतात्मक छ। ऋग्वेदमा १० मण्डल, १०२८ सूक्त र ११ हजार मन्त्र छन्। यी मन्त्रहरूमा देवताको स्तुति गरिएको छ। यी मन्त्रले देवताहरूलाई यज्ञमा आह्वान गर्दछन्। यसका पाँच शाखा छन् : शाकल्य, वास्कल, आश्वलायन, शांखायन र मण्डूकायन। ऋग्वेदमा मृत्युनिवारक त्र्यम्बक मन्त्र वा मृत्युञ्जय मन्त्र (७/५९/१२) वर्णित छ। विश्वविख्यात गायत्री मन्त्र (३/६२/१०) पनि यहीँ छ। (प्रपन्नाचार्य,२०६७,१४६) ऋग्वेदमा अनेक प्रकारका लोकोपयोगी सूक्त, तत्वज्ञान सूक्त, संस्कार सूक्त विद्यमान छन्। रोगनिवारक सूक्त (१०/१३७/१–७), श्रीसूक्त वा लक्ष्मीसूक्त (खिलसूक्त), नासदीय सूक्त (१०/१२९/१–७) तथा हिरण्यगर्भ सूक्त, विवाह सूक्त आदिको वर्णन छ जसमा ज्ञान र विज्ञानको चरमोत्कर्ष देख्न पाइन्छ।

ब्लेचार्टका विचारअनुसार मानिसहरूको आदिम युगमा साम्यवादी यो थियो। त्यसबेला नारी र पुरुषमा कुनै भिन्नता थिएन। नारीहरू र पुरुषहरू समान हैसियतका थिए। तर पनि कतिपय अवस्थामा पुरुषको प्रभुत्व रहेको थियो। वैदिक युग पनि एउटा त्यस्तै खालको युग हो। (ब्लेचार्ट, सन् २००१ऽ २०४)तर वैदिकपछि भने विस्तारै त्यसमा परिवर्तन आयो र साम्यवाद आयो। पछि अन्त्य भयो। ब्लेचार्टका अनुसार वैदिक युगमा विभिन्न पुरुष यज्ञहरू गरिन्थ्यो। त्यस्तो बेलामा नारीहरूका पनि समान हैसियत रहेको थियो। (ब्लेचार्ट, सन् २००१ऽ २०५) मानिसहरूको आदि विकास भइसकेको थिएन। यहाँ उनीहरूले आफ्नो पितृ र देवताका लागि श्रद्धा अर्पित गर्थे। उनीहरु आफ्ना बितिसकेका पुर्खाहरूको आराधना गर्दथे। उनीहरूले जे जस्ता वस्तुहरू देखे तिनीहरूमा दुई थरीका नारी र पुरुष स्वरूप देखे। त्यस बेलामा पुरुषजस्तै नारीहरूले पनि मन्त्रको साधना गर्दथे। (ब्लेचार्ट, सन् २००१ऽ २०५) मन्त्रको साधना गर्ने बेलामा हुनेहरूमा निश्चित नियमको पालना गर्नुपर्दथ्यो। त्यो ब्रह्मचार्य थियो। ब्रह्मचार्यमा रहेका नारीहरूका विषयमा कतिपय देवताहरू र ऋषिहरूले आह्वान पनि गरेका छन्। (ब्लेचार्ट,

सन् २००१, २०६) वैदिक रूपमा वेदलाई नै सत्य र प्राकृतिक ठानिन्थ्यो । सबैजसो वस्तुमा नारी र पुरुष गुण मिसाइएको थियो । ब्लेचार्टका यही मान्यतालाई प्रस्तुत लेखमा सैद्धान्तिक सामग्रीका रूपमा लिएको छ ।

त्यसैगरी यस लेखमा जी एम घुर्मेको समाज विकास सम्बन्धी धारणालाई पनि यहाँ लिएको छ। घुर्मेका अनुसार वैदिक युगमा विशेष गरी समाज गृह व्यवस्था, परिवार व्यवस्था, यज्ञकार्य, विद्याप्रदान आदि जस्ता सम्पूर्ण क्षेत्रमा नारीहरूको पनि सहभागिता थियो । (घुर्मे,सन् १९९७,२३)यो कृषि युगपछिको एउटा समुन्नत युग थियो । मानिसहरू कृषि युगपछि पनि चेतनाको विकासमा रहेका थिए। उनीहरूले सभ्यता, ज्ञान र थितिको स्थापना गरेका थिए । (घुर्मे,सन् १९९७,२४) यस बेला तन्त्र, यज्ञ, ईश्वर आदि सबैले कार्य गर्दछन् भन्ने विश्वास रहिआएको थियो । यसका लागि ऋषि अग्रणी रहेका थिए । ऋषिहरूको विचारमा नै समाज चलेको थियो । (घुर्मे,सन् १९९७,२५)त्यसैले यस समयमा नारीहरूको स्थिति र भूमिका पुरुष सामान नै रहने गर्दथ्यो । प्रस्तुत लेखमा वैदिक युगमा नारीसम्बन्धीका यी दुई मान्यताहरूलाई नै सैद्धान्तिक पर्याधारका रूपमा प्रस्तुत गरिएको छ।

**छलफल तथा विश्लेषण**

प्रस्तुत लेखमा वेदमा नारीको दैवीभूमिकाको अध्ययन गर्नका लागि उषासूक्तमा नारीको दैवीभूमिका,द्यावापृथ्वीमा नारीको दैवीभूमिका, अग्नि, इडा, भारती, त्वष्टा सूक्तमा नारीको दैवीभूमिका, पृथिवी सूक्तमा नारीको दैवीभूमिका, सरस्वती सूक्तमा नारीको दैवीभूमिका, अरण्यानी सूक्तमा नारीको दैवीभूमिका, श्रद्धा सूक्तमा नारीको दैवीभूमिका र अन्य सूक्तहरूमा नारीको दैवीभूमिकाजस्ता विषयमा छलफल तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

**उषासूक्तमा नारीको दैवीभूमिका**

ऋग्वेदमा दैवीशक्तिका रूपमा उषालाई लिएको छ । ऋग्वेदमा १६ वटा उषा सूक्तहरू राखिएको छ । प्रथम मण्डलको ४६, ४८, ४९ ९२ र ११३ सूक्त, चतुर्थ मण्डलका ५१, ५२, ७९ र ८० छैटौं मण्डलका ६५ र ६७, सातौं मण्डलका ७५, ७६, ७७, ७८, ७९, ८० र ८१ तथा दसौं मण्डलको १७२ सूक्त उषा सूक्तका रूपमा रहेका छन् ।

ऋग्वेदको ४६ औं सूक्तमा उषाले आकाशको अन्धकारलाई नाश गर्ने र उषाका सहयोगीका रूपमा अश्विनी कुमारहरू रहने उल्लेख गर्दै उषालाई अन्धकारको नासकका रूपमा चित्रण गरिएको छ। (शर्मा, सन् ११९०, ४६) शत्रुलाई नाश गर्ने र नदीलाई उत्पत्ति गर्ने पनि उषालाई नै मानिएको छ। द्युलोकबाट अन्धकार मेटाउँदै प्रभाका रूपमा उषा सर्वत्र हुने भएकाले सबै अश्विनी कुमारहरूले उषालाई सहयोग गर्ने उल्लेख गरिएको छ (लुइँटेल, २०७६,४६) । यस वेदको ४८औं सूक्तमा प्राणीहरूमा शक्ति प्रदान गर्ने शक्तिका रूपमा पनि उषालाई लिएको छ। उत्तम तेजस्वी दान धन तथा महान् ऐश्वर्यले युक्त हुनका लागि उषाबाट शक्ति प्राप्त होस् भन्ने आह्वान गरिएको छ। यसैगरी गाई, घोडा आदिले सम्पन्नता प्रदान गर्ने उषाले पशुहरूको कल्याण गर्ने उल्लेख गरिएको छ। यस आधारमा उषालाई कल्याणकारी शक्तिका रूपमा पनि प्रस्तुत गरिएको छ। यसैगरी निवासमा रहेकी उषादेवीले रथ चलाउँदै प्रकट हुने र रत्न खोज्ने मानिसलाई समुद्रतर्फ पुर्‍याउनका लागि पनि सहयोग गर्ने पनि उल्लेख गरिएको छ। (लुइँटेल, २०७६,४७) यसबाट उषालाई धन तथा सम्पत्तिको देवीका रूपमा पनि प्रस्तुत गरिएको छ। त्यस्ती उषाको मेधावी कण्वले पनि प्रशंसा गरेको उल्लेख गरिएको छ। त्यसैगरी मानिसलाई कर्म गर्न प्रेरित गर्ने धनको इच्छा गर्ने पुरुषार्थका लागि प्रेरित गर्ने पनि उषाले नै गर्दछिन् भन्ने पनि उल्लेख गरिएको छ। (शर्मा, सन् ११९०,४६)पूर्ण जगत यो उषालाई झुकेर नमस्कार गर्दछ, प्रकाश दिने, उत्तम मार्ग देखाउने, ईश्वरीय

शक्ति सम्पन्न आकाश पुत्रीका रूपमा उषालाई प्रस्तुत गरिएको छ। (प्रपन्नाचार्य,२०६७,१४८)त्यसैगरी उषाले शत्रुहरूलाई लखेट्ने पनि उल्लेख गरिएको छ। सौभाग्य प्रदान गरेर दुर्भाग्यरूपी अन्धकारलाई हटाउने कार्य पनि उषाले गर्दछिन् भन्ने उल्लेख गरिएको छ। कान्तियुक्त, विलक्षण धनले युक्त बनाउनका लागि उषाले नै मनुष्यका लागि प्रेरित गर्ने, अन्न र साधन वृद्धि गर्ने, मानिसको मनलाई उत्तम कार्यमा लगाउन प्रेरित गर्ने कार्य पनि उषाले नै गर्दछिन् भन्ने उल्लेख गरिएको छ। (लुइँटेल, २०७६,४९) यसरी हेर्दा मलाई मानिसको शक्ति, सौन्दर्य र साधन प्रदान गर्ने दैवी शक्तिका रूपमा पनि उषालाई चित्रण गरिएको छ। त्यसैगरी यस वेदको ९२ औँ सूक्तमा पनि उषा अश्विनी सूक्त प्रस्तुत गरिएको छ।

चौथो मण्डलको ५१ सूक्तमा ऋषि बामदेव गौतमद्वारा रचित उषासूक्त प्रस्तुत गरिएको छ। यस सुप्तमा अत्यधिक विशाल कर्ममा मानिसमा संलग्न गराउने कान्तिमान तेज पूर्वदिशामा अन्धकारबाट माथि निस्कँदै छ। उषाहरू याजकलाई हिँड्नका लागि मार्ग प्रशस्त गर्दछिन् (लुइँटेल, २०७६,३७३) भन्ने उल्लेख गरिएको छ। यसमा गाईको गोठ, भोजनको दाता, नयाँ रथ, ऐश्वर्यको देवीका रूपमा पनि उषालाई लिइएको छ। (प्रपन्नाचार्य,२०६७,१४८) प्रदीप्त उषाले सौन्दर्य प्रदर्शित गर्दाका साथै नयाँ हुनाले एउटै रूपमा वस्तुहरू देखिने र त्यसको पनि अधिष्ठात्री उषा नै हुने उल्लेख गरिएको छ। गाईका बथानमा पनि उषा नै रहने र गाईको रक्षा उषाले गर्ने उल्लेख गरिएको छ। (लुइँटेल, २०७६,३७३) । यसरी हेर्दा द्युलोकका चेली, द्युतिमय स्वरूपमा उषा देवी रहने उल्लेख गरिएको छ। सन्तान प्राप्त गर्न पनि त्यसकी दातृ हुने उल्लेख गरिएको छ। यश र अन्नको अधिपतिका रूपमा पनि उषा रहने उल्लेख गरिएको छ। त्यसैगरी ५२ सूक्तमा पनि प्राणीका प्रेरक फल प्रदायक दिदीबहिनीहरूका लागि प्रकाश दिने शक्तिका रूपमा पनि उषालाई उल्लेख गरिएको छ। सम्पूर्ण किरणकी माता यज्ञ आरम्भ गर्ने आरम्भ कर्ता दैवी शक्तिका रूपमा पनि उषालाई लिएको छ। सम्पूर्ण देदीप्यमान रश्मिको रचना गर्ने उषा ज्ञान सम्पन्न र शक्ति सम्पन्नका रूपमा तेजोमय रूपमा रहने असीमित शक्तिको स्रोतका रूपमा रहेको उल्लेख गरिएको छ। (लुइँटेल, २०७६,३७४ )

ऋग्वेदको पाँचौँ मण्डलको ७९ औँ सूक्तमा पनि उषालाई दैवी शक्तिका रूपमा प्रस्तुत गरिएको छ। यस सूक्तमा उषालाई सुख प्रकट गराउने देवी, ज्ञानयुक्त गराउने, ईश्वरीय प्रधान गर्ने, सत्य भाषा प्रदान गर्ने र पुत्र प्रदान गर्ने देवीका रूपमा प्रस्तुत गरिएको छ। (प्रपन्नाचार्य,२०६७,१४८)अन्धकार हटाउने, बल युक्त बनाउने, सत्यको स्वरूप देखाउने शोभा र उत्तम दानशील बनाउने शक्तिका रूपमा पनि उषाको स्तुति गरिएको छ। त्यसैगरी यस सूक्तमा धनको अधिकारिणी, जन्मदेखि शोभा प्रदान गर्ने शोभादायिनी, गाई र घोडाहरूले युक्त धन सम्पन्न बनाउने काम गर्न जाँगर दिने लक्ष्मीका रूपमा पनि उषालाई नै प्रस्तुत गरिएको छ। (लुइँटेल, २०७६,४४९ ४५०)

यसै मण्डलको ८० औँ मण्डलमा पनि उषालाई दैवी शक्तिका रूपमा प्रस्तुत गरिएको छ। यस सूक्तमा रथमा आरोहित रहने सर्वव्यापी योग्यद्वारा पूजनीय अरुणिमा वर्ण युक्त दिप्तीमती र सूर्यदेवभन्दा अगाडि चल्ने दैवी शक्तिका रूपमा उषादेवीलाई प्रस्तुत गरिएको छ। उषा देवीले सुतेकालाई जागा गराउने मार्ग सुगम बनाउने व्यापकतम शक्ति प्रदान गर्ने र बिहानको समयमा प्रकाशलाई फिँजाउने उल्लेख गरिएको छ। (प्रपन्नाचार्य,२०६७,१४९)उषादेवी रात्रि र दिनका दुवै समयमा द्युलोकका माथि र तल गमन गर्दै पूर्व दिशामा प्रकट हुने र सूर्यको मार्गमा अनुसरण गर्ने ज्ञान सम्पन्न स्त्रीजस्तो रहने उल्लेख गरिएको छ। उषालाई सूर्य पुत्रीका रूपमा पनि देखाइएको छ। (लुइँटेल, २०७६,४५० ४५१) यसरी हेर्दा यस सूक्तमा पनि उषालाई सर्वव्यापक शक्तिका रूपमा प्रस्तुत गरिएको छ।

(वाग्मी, सन् २००६,९)उषा सर्वव्यापक हुनाले सम्पूर्ण जगतलाई उज्यालो पार्न सक्ने दैवी क्षमता पनि रहेको देखाइएको छ। (शर्मा, सन् ११९०,४६)ऋग्वेदमा उषालाई सम्पूर्ण प्राणीहरूमा शक्ति प्रदान गर्ने प्रदाताशक्तिका रूपमा देखाएको छ।

छैटौँ मण्डलको ६४ औँ सूक्तमा उषा सूक्त प्रस्तुत गरिएको छ। उषाको स्वरूप उज्यालो वर्णको हुने, उषाहरू ऐश्वर्यले सम्पन्न हुने, कल्याण कारिणीदेखिने, चम्किलो किरणले सुशोभित हुने, आभा युक्त ओजस्वी रश्मिले युक्त हुने भएकाले अन्धकार भगाउन सक्ने, स्वयं प्रकाशित हुने स्वर्ग लोककी कन्याका रूपमा चित्रण गरिएको छ। (लुइँटेल, २०७६,५२० ५२१)

यसै गरी ६५ औँ मण्डलमा स्वर्गमा उत्पन्न भएकी दिव्य कन्या रूपी उषादेवीले जसरी प्रकाश छर्ने, अन्तरिक्षमा विचरण गर्ने अन्न, बल, यश, रस प्रदान गर्ने, वीर पुत्ररूपी रत्न प्रधान गर्ने, दैवी शक्तिका रूपमा उषालाई प्रस्तुत गरिएको छ। (लुइँटेल, २०७६,५२१)

सातौँ मण्डलको ७५, ७६, ७७, ७८, ७९, ८० र ८१ औँ सूक्तमा पनि उषालाई दैवी शक्तिका रूपमा प्रस्तुत गरिएको छ। (शर्मा, सन् ११९०,४७)ती सूक्तहरूमा पनि प्रकाश फैलाउने, अन्धका रुपी शत्रुलाई हटाउने, गन्तव्य पथ उज्यालो पार्ने, सुख बढाउने, चेतना फैलाउने, सौभाग्य प्रदान गर्ने, यशस्वी बनाउने अन्न युक्त विचित्र धन र वैभवशालिनी देवीका रूपमा उषालाई प्रस्तुत गरिएको छ। उषाको सत्य रूप पूजन योग्य र कल्याणकारी हुने पनि उल्लेख गरिएको छ। (लुइँटेल, २०७६,५९३) प्राणीहरूलाई कर्म गर्ने प्रेरणा दिने दिवसलाई नेतृत्व गर्ने, देवतालाई नेत्र ज्योति प्रदान गर्ने, विलक्षण धानले सम्पन्न सुन्दर सेतो वर्णका किरणले युक्त भएकी धन सम्पन्न दैवी शक्तिका रूपमा पनि उषालाई प्रस्तुत गरिएको छ।

यसरी यी विभिन्न सूक्तहरूको अध्ययन गर्दा ऋग्वेदमा सबैभन्दा बढीउसलाई ईश्वरीय शक्तिका रूपमा प्रस्तुत गरिएको छ। उषा विना संसार अन्धकारमय हुने, मानिसको वंश प्रक्रिया नै अगाडि नबढ्ने तथा जीवन जगतको अन्धकार जस्ताको त्यस्तै रहने भएकाले नारी उषालाई सर्वशक्तिमान् रूपमा प्रस्तुत गरिएको छ।

### द्यावापृथ्वीमा नारीको दैवीभूमिका

ऋग्वेदमा रहेका विभिन्न सूक्तहरू मध्ये नारीलाई दैवीशक्तिका रूपमा वर्णन गरिएका सूक्त द्यावापृथ्वी पनि हुन्। पहिलो मण्डलको २२ र १८५ औँ सूक्त, दोस्रो मण्डलको ३२ औँ सूक्त, चौथो मण्डलको ५६ औँ सूक्त र छैटौँ मण्डलको ७० औँ सूक्तमा द्यावापृथ्वीका सूक्तहरू प्रस्तुत गरिएको छ। (वाग्मी, सन् २००६,९)द्यावापृथ्वी सूक्तमा अश्विनीकुमारहरूलाई ब्युँभाउने यज्ञका लागि तयार पार्ने, सत्य बचन बोल्न सक्ने बनाउने, मन्त्रहरूमा शक्ति प्रदान गर्ने मन्त्र जस्ता शक्तिका रूपमा प्रस्तुत गरिएको छ। (लुइँटेल, २०७६,१७)यहाँ पृथ्वीलाई देवीका रूपमा प्रस्तुत गरिएको, पृथ्वी रूपी देवीले सम्पूर्णलाई सुख दिने, सम्पूर्ण बाधा हटाएर आवास दिने, जलको व्यवस्था गर्ने, अत्यन्त विस्तृत पृथ्वी र द्युलोकले देवताका यज्ञ कर्ममा आवश्यक पर्ने पदार्थहरू प्रदान गर्ने र यज्ञ पुरा गर्ने कार्य गर्ने पनि उल्लेख गरिएको छ। (प्रपन्नाचार्य,२०६७,१५०)सम्पूर्ण लोकलाई पोषित गर्ने देवताहरूको रक्षा गर्ने सम्पूर्ण प्राणीहरूको आश्रयभूत हुने, विविध धन प्रदान गर्ने, समस्त मानवका लागि प्रकाशक हुने काम पनि पृथ्वीले नै गर्ने उल्लेख गर्दै पृथ्वीलाई पनि देवीका रूपमा प्रस्तुत गरिएको छ। (लुइँटेल, २०७६,१८)यसैगरी देवपत्नीहरू पनि यज्ञमा आउन सक्ने रक्षा गर्न सक्ने अग्निकी पत्नी होत्रा, आदित्यकी पत्नी भारती, वरणीय वाग्देवी धिषणा आदिलाई पनि यज्ञमा आउन सक्ने आह्वान गरिएको छ।

पहिलो मण्डलको १८५ औँ सूक्तमा द्यावापृथिवीलाई महिमामय देवी भएको उल्लेख गरिएको छ। पृथ्वीले आमा बाबुले सन्तानलाई सहारा दिए जस्तै गरी मनुष्य देवतालाई सहारा दिने उल्लेख गरिएको छ। (वेदालंकार,सन् २०००,९५)अविनाशी पृथ्वीबाट पापमुक्त हिंसारहित तेजस्वी विनम्रता प्रधान गर्ने, धारा वैभव प्रधान गर्ने र सबैलाई पाप कर्मबाट रक्षा गर्ने काम पनि देवी पृथ्वीले गर्ने उल्लेख गरिएको छ। (प्रपन्नाचार्य,२०६७,१५०)पृथ्वीले दिव्यता प्रदान गर्ने आपसी सहयोगी भावना विकास गराउने र ऋषि तथा मनुष्य देवताहरूलाई आतपबाट बचाउने कार्य पनि पृथ्वी रूपी देवीले गर्ने उल्लेख गरिएको छ। देवभक्त मित्रजन वा समस्त जगतको सृष्टिकर्ताका रूपमा सद्विवेक दिने कार्य पनि पृथ्वीले गर्ने पनि बताइएको छ त्यसैले पृथ्वी मातासरि हुने यहाँ प्रस्तुत गरिएको छ। (लुइँटेल, २०७६,१९९)

यसरी हेर्दा द्यावापृथ्वीमा पृथ्वीलाई नारी शक्तिका रूपमा प्रस्तुत गरी दिनमा पनि दैवी शक्ति रहने उल्लेख गरिएको छ। शक्ति सामान्य शक्ति नभई अभूतपूर्व शक्ति रहने पनि देखाइएको छ।

### अग्नि इडा भारती त्वष्टा सूक्तमा नारीको दैवीभूमिका

ऋग्वेदको पहिलो मण्डलको १८८ औँ सूक्तमा अग्नि, इडा, भारती, त्वष्टा सूक्त प्रस्तुत गरिएको छ। यस सूक्तमा भारती, इडा र सरस्वतीलाई देवीका रूपमा प्रस्तुत गरिएको छ। यसमा देवताहरूलाई क्रान्तिका लागि शक्ति प्रदान गर्ने कार्य इडादेवीबाट हुने उल्लेख गरिएको छ। (प्रपन्नाचार्य,२०६७,१५०)यहाँ ऋषिहरूले दिएको आहुति दूत जस्तो भएर देवतासम्म देवीहरूले नै यज्ञाहुति प्रेषण गर्ने उल्लेख गरिएको छ। त्यसैगरी अन्तमा प्राणतत्त्व परिपोषित गर्ने र मधुर र सञ्चार गर्ने कार्य पनि देवीले नै गर्ने उल्लेख गरिएको छ। देवीहरू देवतासँगै रहने भएकाले देवीहरूको शक्ति देवता समान रहने सन्दर्भ पनि यहाँ उल्लेख गरिएको छ। देवीहरूले सम्पूर्ण राजाहरूलाई राजैश्वर्य प्रधान गर्ने स्पष्ट बोल्ने दिव्य वाणीयुक्त मेधावी बोली बनाउने कर्म पनि देवीहरूले नै गर्ने उल्लेख गरिएको छ। यस सूक्तमा भारती, इडा र सरस्वतीले ऐश्वर्य र वैभवतर्फ प्रेरित गर्ने उल्लेख गरिएको छ। (लुइँटेल, २०७६,२०२) यसरी यी विभिन्न ऋचाहरूको साक्ष्यबाट नारीलाई सम्पूर्ण ज्ञान शक्तिको रूपमा प्रस्तुत गरिएको छ। नारीबाटै अन्नहरूमा प्राणतत्त्व सञ्चार हुने र त्यसबाट देवता ऋषि मनुष्यहरू बाँच्ने धारणा पनि प्रस्तुत गरिएको छ। ऋग्वेदमा नारीलाई पुरुषभन्दा उच्च महिमामय दैवी शक्तिका रूपमा प्रस्तुत गरिएको छ।

### पृथिवी सूक्तमा नारीको दैवीभूमिका

ऋग्वेदको मण्डलको ८४औँ पृथिवी सूक्त प्रस्तुत गरिएको छ। यस सूक्तमा पृथ्वीलाई उत्तम गुण र महिमावतीका रूपमा प्रस्तुत गरिएको छ। पृथिवीले सम्पूर्ण प्राणीलाई आफ्नो सामर्थ्यले पुष्ट बनाउने र पर्वतलाई बोक्न सक्ने सामर्थ्य भएको सामर्थवान शक्तिका रूपमा प्रस्तुत गरिएको छ। साथै पृथ्वीले नै मेघलाई वर्षा गराउन योग्य बनाउने पनि उल्लेख गरिएको छ (लुइँटेल, २०७६, ४५३) मेघको वर्षाद्वारा नै पृथ्वीले वनस्पति र प्राणीहरूमा सामर्थ्य प्रदान गराउने उल्लेख गरिएको छ। यस सन्दर्भबाट हेर्दा नारी रूपी पृथ्वीलाई पनि महिमामय शक्तिका रूपमा प्रस्तुत गरिएको छ। यसबाट ऋग्वेदले नारीको शक्ति पृथ्वीको जस्तो हुने र सम्पूर्ण प्राणीको भार नारीले नै बोक्छिन् भन्ने सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ।

### सरस्वती सूक्तमा नारीको दैवीभूमिका

ऋग्वेदको छैटौँ मण्डलको ६१ औँ र सातौँ मण्डलको ९५ औँ र ९६ औँ सूक्तमा सरस्वती सूक्त प्रस्तुत गरिएको छ। यस सूक्तमा नारी सरस्वतीलाई विद्याकी अधिष्ठात्री देवीका रूपमा प्रस्तुत गरिएको छ। (प्रपन्नाचार्य,२०६७,१५१)छैटौँ

मण्डलको ६१ औँ सूक्तमा मनुष्य धैर्यवान् हुने, ऋणमुक्त हुने, देवताहरूको निन्दा गर्नेलाई नष्ट गरिदिने, कपटी दुष्टहरूलाई नाश गर्ने मानवहितका लागि भूभाग प्रदान गर्ने मनुष्यका लागि जल प्रवाह गर्ने कार्य पनि सरस्वतीले गर्ने उल्लेख गरिएको छ। (वेदालंकार,सन् २०००,९५)सरस्वती देवीले अनेकौँ अन्न सम्पन्न गरिदिने मानिसको रक्षा गर्ने भएकाले युद्धको आरम्भमा सरस्वतीको आह्वान गरिने पनि उल्लेख गरिएको छ। (वाग्मी, सन् २००६,९)सङ्ग्रामको बेलामा रक्षा गर्ने सङ्ग्राममा चाहिने धन प्रदान गर्ने भएकाले स्तोताको रक्षा गर्ने काम पनि सरस्वतीले नै गर्ने उल्लेख गरिएको छ। सरस्वती देवीहरू सात वटी भएको निन्दकहरूबाट जोगाउने कार्य गर्ने साथ धाराका शक्तिले युक्त भएकी सरस्वतीको शक्ति तेजोमय मण्डल रूपी रहेको उल्लेख गरिएको छ। मनुष्यहरूले आफूलाई शत्रुले बाधा नगरुन् भन्नका लागि सरस्वतीको पुकारा गर्ने प्रसङ्ग पनि यस सूक्तमा गरिएको छ। (लुइँटेल, २०७६, ५१७ ५१८)

ऋग्वेदको सातौँ मण्डलको ९५ औँ र ९६ औँ सूक्तमा सरस्वती सम्बन्धी ऋचाहरू प्रस्तुत गरिएको छ। यस सूक्तमा सरस्वतीले पर्वतबाट समुद्रसम्म यात्रा गर्ने, लोकका धेरै ऐश्वर्य तथा श्रेष्ठता प्रदान गर्ने, मानिसको हितमा वर्षा गराउने, छन्द रूपी जलधारा वर्षा गराउने, यज्ञका कर्तालाई बलवान पुत्र प्रदान गर्ने, सौभाग्य दाहिने काम गर्ने, घुँडा टेकेर नमस्कार गर्नेहरूका नजिक जाने, मित्रताको भावले गर्दा दयालु हुने, सधैँ कल्याण कारिणी हुने पनि उल्लेख गरिएको छ। (लुइँटेल, २०७६, ६०७) त्यसै गरी ९६औँ सूक्तमा द्युलोक र पृथिवीमा निवास गर्ने, उनैका कृपाले मानिसले दिव्य अन्नप्राप्त गर्ने पुरुषहरूलाई स्त्री र पुत्र प्रदान गर्ने, श्रेष्ठ विद्या श्रेष्ठ धन र श्रेष्ठ सन्तति प्रदान गर्ने पनि सरस्वतीले नै गर्ने उल्लेख गरिएको छ। (लुइँटेल, २०७६, ६०८) यी विभिन्न सन्दर्भबाट हेर्दा सरस्वतीले सधैँ सौभाग्य विद्या ऐश्वर्य आदि प्रदान गर्ने भएकाले नारी शक्ति सम्पूर्ण पुरुष तथा सम्पूर्ण मानव जातिकै प्रदाताका रूपमा रहेको उल्लेख गरिएको छ।

**अरण्यानी सूक्तमा नारीको दैवीभूमिका**

ऋग्वेदको १० औँ मण्डलको १४७ सूक्तमा अरण्यानी अर्थात् वनदेवीसम्बन्धी गाथा प्रस्तुत गरिएको छ। यस अरण्यानी सूक्तमा वन जङ्गलमा मानिसको सुरक्षा गर्ने देवीका रूपमा वनदेवीलाई दिएको छ। मानिस तथा पशुहरूको रक्षा वनदेवीले गर्ने, जङ्गलमा पशुहरूलाई घाँस दिने, मनुष्यलाई तथा ऋषिहरूलाई दाउरा दिने, स्वादिष्ट फलफूल स्वेच्छाले दिने कार्य वनदेवीले गर्ने उल्लेख गरिएको छ। वनलाई उत्तम सुगन्ध युक्त बनाउने हिंस्रक प्राणीबाट मृगहरूको सुरक्षा गर्ने कार्य पनि वनदेवीले नै गर्ने उल्लेख गरिएको छ। (लुइँटेल, २०७६, १०२०)

यस आधारमा हेर्दा जङ्गलको शक्ति पनि नारी शक्ति नै देखाइएको छ। त्यस्ती वनदेवी भीषण र डरलाग्दो नभईकन शान्त र संयम हुने पनि यस सूक्तमा बताइएको छ। यसरी हेर्दा यस सूक्तमा नारीलाई एउटा वनको रक्षक जस्तो अति भीषणकारी क्षेत्रमा पनि शान्त र संयम रूपमा प्रस्तुत गरिएको छ।

**श्रद्धा सूक्तमा नारीको दैवीभूमिका**

ऋग्वेदमा र धाले विभूतिको सर्वोच्च स्थान प्रदान गर्ने उल्लेख गरिएको छ। यज्ञका याजकहरूलाई आविष्ट फल प्रदान गर्ने पनि श्रद्धाले नै गर्दछिन्। देवता र मनुष्यहरूले यिनै श्रद्धाको उपासना गर्दछन्। (वेदालंकार,सन् २०००,९५) उनीहरूले तिनै श्रद्धाको आश्रय लिएर योग्य गर्दछन् र मानिसले यज्ञफल आर्जन गर्दछन् त्यसैले प्रातः काल मध्यकाल र सूर्यास्त कालमा श्रद्धाको उपासना गर्नुपर्ने बताइएको छ। (लुइँटेल, २०७६, १०२३) यसरी

हेर्दा यस सूक्तमा पनि नारीलाई सर्वोच्च दैवी शक्तिका रूपमा प्रस्तुत गरिएको छ। नारीविना यज्ञ पुरा नहुने, यज्ञको फल प्राप्त गर्नका लागि पनि नारी नै चाहिने सन्दर्भ यस सूक्तमा गरिएको छ।

**अन्य सूक्तहरूमा नारीको दैवीभूमिका**

ऋग्वेदका अन्य कतिपय सूक्तमा पनि नारीको दैवी भूमिकाको उल्लेख गरिएको छ। प्रथम मण्डलको २२ औँ सूक्तमा अग्निकी पत्नी होत्रा, आदित्यकी पत्नी भारती र वरणीय वाग्देवी धिषणा आदि देवीहरूलाई पनि ऋषिहरूको सुरक्षाका निम्ति आह्वान गरिएको छ। (वेदालंकार, सन् २०००,९६) देवीहरूले यज्ञको समापन गर्ने, यज्ञ कर्मलाई पूर्ण गर्न प्रयत्न गर्ने काम गर्ने भएकाले देवीहरूको आवश्यकता रहेको उल्लेख गरिएको छ। त्यसैगरी पृथ्वी देवीले पनि सम्पूर्ण बाधा हटाएर उत्तम आभास दिने भएकाले उनी सुख दातृका रूपमा रहेकी छिन् भन्ने देखाइएको छ (लुइँटेल, २०७६,१८) यी विभिन्न सन्दर्भबाट हेर्दा यज्ञको अभिन्न कर्ताका रूपमा नारीहरू रहेको देखाइएको छ।

**निष्कर्ष**

ऋग्वेदमा नारीका विभिन्न स्वरूपको महिमा गान गरिएको छ भने विभिन्न ऋषिहरुद्वारा ती नारीशक्तिको उपासना गरिएको छ। ऋग्वेदकासूक्तहरूमा संरक्षणकर्ता, संहारक, बुद्धिमतायुक्त र ऐश्वर्यप्रदायक शक्तिका रूपमा नारीको उपासना गरिएकोछ साथै नारीलाई संसारकै प्रमुख शक्तिका रूपमा पनि चित्रित गरिएको छ। यहाँ नारीलाई ईश्वरीय शक्तिका रुपमा प्रस्तुत गरी इन्द्र, अश्विनी कुमार, विभिन्न ऋषि आदिद्वारा महिमामय शक्तियुक्ता नारीशक्तिकोउपासना गरिएको छ। यसक्रममा नारीको दैवी भूमिका प्रस्तुत गर्दै दैवीशक्तिरुप नारीलाई प्रकाशक, संहारक, योद्धा, ऐश्वर्यप्रदायक, बुद्धिप्रदायक, धनशाली, वैवभदातृका रूपमा देखाइएको छ। ऋग्वेदमा प्रकृतिमा पनि नारीको दैवीशक्ति प्रस्तुत गरिएको छ। विशेष गरी उषा, सरस्वती, सूर्यालाई प्रकृतिको शक्तिका रुपमा प्रस्तुत गरिएको छ भने उषालाई उत्तम, तेजस्वी, दानी, धन तथा महान् ऐश्वर्यले युक्त, उत्तम मार्ग देखाउने शक्तिका रूपमा उपासना गरिएको छसरस्वतीलाई ऐश्वर्यप्रदायक, संरक्षक, योद्धा र कल्याणकारी शक्तिका रूपमाउपासना गरिएको छ। यसमा देवताहरूलाई क्रान्तिका लागि शक्ति प्रदान गर्ने कार्य इडादेवीबाटहुने उल्लेख गरिएको छ। पृथ्वीलाई उत्तम गुण र महिमावतीका रूपमा प्रस्तुत गरिएको छ। यस अरण्यानी सूक्तमावन जङ्गलमा मानिसको सुरक्षा गर्ने देवीका रूपमा वनदेवीलाई दिएको छ।

**सन्दर्भ सामग्री सूची**

घुर्मे, जी एम (सन् १९९७). वैदिक सम्यता और मानवशास्त्र. सनातन प्रकाशन।
द्विवेदी, कपिलदेव (सन् २००५). वेदोंमेंनारी. विश्वभारती अनुसन्धान परिषद्।
ब्लेचार्ट, जिएस (सन् २००१). हिस्टोरी अफ एन्थ्रोपोलोजी. न्यू दिल्ली पब्लिकेसन।
वाग्मी, विश्वेश (सन् २००६) 'वैदिक वाङ्मय मेस्त्रीविमर्श' (कार्यपत्र) महात्मागान्धी केन्द्रीय संस्कृत विभाग
वेदालंकाररामनाथ (सन् २०००). वैदिकनारी. समर्पणशोधसंस्थान।
शर्मा, मालती (सन् १९९०) वैदिक संहिता ओंमेंनारी. सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी।